# आरुघाट गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

आरुघाट, गोरखा
गण्डकी प्रदेश, नेपाल

फोन नं. : ०६४४१००४४
इमेल : rm.arughat@gmail.com
info@aarughatmun.gov.np
वेबसाइट : www.aarughatmun.gov.np


## हाते ट्र्याक्टर खरिद कार्यको शिलबन्दी दरभाउपत्र आव्हानको सूचना !!

*प्रथम पटक सुचना प्रकाशन मितिः २०७८/०२/११*

यस गाउँपालिकाको आर्थिक वर्ष २०७७/०७८ को स्वीकृत बजेट तथा कार्यक्रम अनुसार कृषि औजार अन्तर्गत हाते ट्र्याक्टर खरिदको कार्य शिलबन्दी दरभाउपत्रद्वारा गर्नुपर्ने भएकोले नेपाल सरकारबाट इजाजत पत्र प्राप्त योग्य नेपाली कृषि सामग्री सप्लायर्स/कम्पनीहरुबाट तपशिल अनुसारका शर्तहरु भित्ररही रितपुर्वक शिलबन्दी दरभाउपत्र पेश गर्न आव्हान गरिएको छ ।

<u>तपशिल</u>

| ठेक्का नं | ठेक्का विवरण | लागत अनुमान भ्याट सहित रु. | जमानत रकम रु. | दरभाउपत्र दस्तुर रु. |
|---|---|---|---|---|
| ARU/GOR/SQ/G/13/077-078 | हाते ट्र्याक्टर खरिद | १९,८३,१५० | ५०००० | १,००० |

**<u>आवश्यक कागजात तथा शर्तहरु:</u>**

१. शिलबन्दी दरभाउपत्र आव्हानको सूचना प्रकाशित भएको मितिले १५ औं दिनको कार्यालय समयभित्र तोकिएको दस्तुर तिरी वा राष्ट्रिय बाणिज्य बैंकमा रहेको आन्तरिक राजश्व खाता नं. ३२१०१००३०१०१०००२ मा तोकिएको शुल्क तिरेको भौचर पेश गरी रीतपुर्वकको शिलबन्दी दरभाउपत्र खरिद गर्न सकिने छ । दरभाउपत्र खरिद गर्दा निबेदन सहित फर्म, संस्था वा कम्पनीहरुले ब्यवसाय दर्ता प्रमाण पत्र ,स्थायी लेखा नम्बर / मु.अ.करको दर्ता प्रमाणपत्र तथा ०७६/७७ को आयकर चुक्ता भएको प्रमाणपत्रको प्रतिलिपिहरु समेत पेश गर्नुपर्नेछ । सूचना प्रकाशन भएको मितिले १६ औं दिनको कार्यालय समयको १२ बजे भित्र शिलबन्दी दरभाउपत्र पेश गर्नुपर्नेछ । दरभाउपत्र खरिद गर्ने, दाखिला गर्ने र खोल्ने अन्तिम दिन बिदा परेमा सोको भोलिपल्ट कार्यालय खुलेको दिन हुनेछ । म्याद नाघी आएको र रीत नपुगेको दरभाउपत्र उपर कुनै कारबाही गरिने छैन ।

२. हाते ट्याक्टर सम्बन्धी प्राविधिक स्पेसिफिकेशन दरभाउपत्र सम्बन्धी कागजातमा उपलव्ध गराइने छ ।

३. नियमानुसार खरिद भएको दरभाउपत्रको प्रत्येक पानामा सहीछाप गरी खामलाई शिलबन्दी गरी बाहिर फर्मको नाम, ठेगाना, ठेक्काको नाम, नम्बर लेखी पेश गर्नुपर्ने छ । दरभाउपत्र भर्दा अक्षर र अंकमा स्पष्ट उल्लेख गर्नु पर्नेछ तर ,अंक र अक्षर फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिईनेछ । प्राप्त दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस गाउँपालिकामा सुरक्षित रहनेछ ।

४. दरभाउपत्रदाताले पत्रसाथ धरौटी बापत माथि उल्लिखित अंकको जमानत रकम यस कार्यालयको राष्ट्रिय वाणिज्य **बैंक, गोरखामा रहेको धरौटी खाता न. ३२१०१००३०३०१०००२** मा जम्मा गरेको सक्कल बैंक भौचर वा ७५ दिन मान्य अवधि भएको सक्कल बैंक जमानतपत्र पेश गर्नुपर्नेछ।

५. रीतपूर्बक् दर्ता भई पेश हुन आएका दरभाउपत्रहरु १६ औ दिनको २:०० बजे कार्यालयको प्रतिनिधि एवं दरभाउपत्रदाता वा निजको प्रतिनिधिको रोहबरमा खोलिनेछ । तर, दरभाउपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभएमा पनि दरभाउपत्र खोल्न कुनै बाधा पर्ने छैन।

# आरुघाट गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
आरुघाट, गोरखा
गण्डकी प्रदेश, नेपाल

फोन नं. : ०६४४१००४४
इमेल : rm.arughat@gmail.com
info@aarughatmun.gov.np
वेबसाइट : www.aarughatmun.gov.np


६. यस खरिद दरभाउपत्रमा सामिल हुनको लागि कम्तिमा ५ पटक यस्तै कृषि सामग्री आपूर्ति गरी बेचबिखन गरेको सप्लायर्स/कम्पनी वा फर्म हुनुपर्नेछ ।

७. यस सुचनामा उल्लेख नभएका बिषयहरुको हकमा आरुघाट गाउँपालिका ,गाउँ कार्यपालिकाको निर्णय ,सार्बजनिक खरिद ऐन ,२०६३ (संशोधन सहित),सार्बजनिक खरिद नियमावली २०६४ (संशोधित) एवं प्रचलित ऐन तथा कानुन बमोजिम हुनेछ ।

८. अन्य जानकारीको लागि कार्यालय समयभित्र यस कार्यालयमा सम्पर्क गरी जानकारी लिन सकिनेछ ।

८०।१२।११

प्रमुख प्रशासकीय अधिकृत

एकदेव खनाल
प्रमुख प्रशासकीय अधिकृत